ISSN : 2773-787X

# Journal of Tribhuvan University Teachers' Association

(Multi-disciplinary peer reviewed)

Vol. 1, December 2020

Tribhuvan University Teachers' Association (TUTA)
Central Committee
Kirtipur, Kathmandu, Nepal

**Journal of Tribhuvan University Teachers' Association**

**Patron**
Prof. Basanta Dhakal, PhD

**Advisory Board**
Kopil Deo Yadav
Keshav Raj Sharma
Mina Gurung

**Managing Editor**
Krishna Raj Dhakal

**Editorial Board**
Ganga Ram D C
Mousami Gauragain
Badri Tamang

# Journal of Tribhuvan University Teachers' Association

(Multi-disciplinary peer reviewed) ISSN : 2773-787X

Vol. 1, December 2020

Tribhuvan University Teachers' Association (TUTA)
Central Committee
Kirtipur, Kathmandu, Nepal

The issue of TUTA journal marks the growing academic orientation and enthusiasm among the teaching faculty members of Tribhuvan University. This multidisciplinary and multi lingual issue covers articles from a wide range of disciplines. The Journal, therefore, welcomes the use of their respective citation formats and styles. The article statements, data, opinions, ideas and interpretations expressed, analyzed and cited in this Journal are the sole responsibilities of the concerned authors.

**Editorial Board**


## Journal of Tribhuvan University Teachers' Association

**(Multi-disciplinary peer reviewed)**

**Published By** : Tribhuvan University Teachers' Association (TUTA) Central Committee, Kirtipur, Kathmandu

**Design & Print** : Creative Link Pvt. Ltd.

**Copies** : 500

**ISSN** : 2773-787X

# Editorial

Tribhuivan University Teachers' Association was established in 2058 B.S. as one of the sister organizations of Nepal Teachers' Association, the intellectual organization established in 2019 B.S. to develop professional skills and improve scholarly freedom of university teachers in Nepal. This Association has been actively involved in educational, social and political movements for establishing democratic norms of the country. The Association focuses on the quality of higher education through research activities and development of academic skills of the teaching members involved in the constituent campuses, departments, institutions and research centres of the University.

We are pleased to share that the Association's Central Committee's meeting sat on 23 Bhadra 2076 B.S. decided to publish a blind peer reviewed multidisciplinary research journal entitled "Journal of Tribhuivan University Teachers' Association". The aim is to provide a common platform for all the teaching members of the campuses and departments under the university.

The articles included in this volume were reviewed anonymous by the discipline experts and the respective authors were requested to incorporate the comments given. After a thorough review by the editorial team for each of the articles, they were finally decided to include in this volume. Multidisciplinary by nature, the original articles written both in English and Nepali vernaculars have been included in this volume and thus the editorial team is convinced the task being both exciting and challenging mainly to meet common format and maintain uniformity.

We extend our sincere gratitude to all the writers for their rigorous works on their manuscripts till the publication phase. We are equally thankful to the peer reviewers for their painstaking efforts and contribution for an independent review. Finally, we commit for our continuous attempts for making the journal editing works error free and expect readers' critical feedback for the improvement of the forthcoming issues.

Thank you.

**Editorial Board**

# Table of Content

## English Section


| Topics | Writer | Page |
|---|---|---|
| A Comparison of Conventional and Comparative Historical Method | Ajaya Kumar Poudel | 1 |
| Role of Education in the Economic Growth: The Case of Nepal | Basudeb Khanal | 7 |
| Cultural Perplexity of Immigrants in Bharati Mukherjee's Jasmine | Bimal Kishore Shrivastwa | 14 |
| National Anthems, National and Patriotic Songs of Nepal | Bishnu Prasad Dahal | 21 |
| Impact of Lockdown in Microfinance Institutions in Nepal | Chandra Prasad Dhakal | 28 |
| Structure and Responsiveness of Tax Yields in Nepal | Krishna Giri | 33 |
| Antibiotic Prophylaxis for the Prevention of Recurrent Bacterial Urinary Track Infection in women | Lata Ghimire<br>Reema Khatri | 38 |
| Impact of ECD on Grade One's Educational Achievement: A Case Study | Mohan Mani Pokhrel | 44 |
| Managing Cultural Diversity in Classroom | Narayan Prasad Adhikari | 49 |
| Migration Drivers and Their Impacts (With Reference to Nepal) | Padma Prasad Khatiwada | 63 |
| Speeds of Decay of Temperature Distribution in a Laterally Insulated Copper Bar | Puskar R. Pokhrel<br>Bhabani Lamsal | 74 |
| Study of Leaf Morphology and Anatomy of Ficus Benghalensis L. Growing in Kathmandu, Nepal | Ratna Silwal<br>BelaiMeeta Singh Suwal | 82 |
| Demarcation of Northwestern International Boundary on Source of Kali (Kutiyangdi)/Mahakali/Sarada Between Nepal and India | Sher Bahadur Gurung | 88 |
| Organizational Commitment of Administrative Employees in Tribhuvan University with Reference to Kathmandu Valley | Surya Prasad Poudel | 97 |
| Existing Situation of Early Childhood Education and Potential Steps for Its Cultivation in Nepal | Surya Sigdel | 105 |


## नेपाली खण्ड


| शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| विचारप्रवाहको प्रयोगशाला | ईश्वरीप्रसाद कंडेल | ११४ |
| विश्वसम्पदा सूचीको अग्रणीभूमि ललितपुरः विरासदमा नृसिंह जात्रा (उपाकर्म साया) | उत्तरा खनाल | १२० |
| मल्लकालीन नेपालको शिक्षा प्रणालीः एक अध्ययन | गणेश धमला | १२९ |
| खानदानी कथामा प्रतिनिधित्व | गुरूप्रसाद पोखरेल | १३५ |
| धितो कोख उपन्यासमा निहित उत्तरआधुनिक प्रवृत्तिहरू। | टंकप्रसाद पन्थ | १४३ |
| शेर्पा र नेपाली भाषाको वाक्यसङ्गतिको अध्ययन | दावा शेर्पा | १५२ |
| रेम्ब्रान्ट उपन्यासमा पात्रविधान | महेन्द्र मल्ल | १५९ |
| मोरङ्गीया थारु समुदायमा भाकल प्रथा | लोकनाथ दुलाल | १६३ |
| प्रारूपका आधारमा अभिलेखीय मिलित क्रिया | विदुर चालिसे | १७२ |
| धर्म, यज्ञ र पर्यावरणमा समाजशास्त्रीय दृष्टि | शुक्रराज अधिकारी | १७९ |
| यात्री कवितामा ईश्वर चिन्तन | हितबहादुर थापा मगर | १८५ |

# प्रारूपका आधारमा अभिलेखीय मिलित क्रिया

विदुर चालिसे, पिएचडी *

***लेखसार***

*यस लेखको उद्देश्य नेपाली भाषाको अभिलेखहरूमा प्रयोग भएका मिलित क्रियाका घटकहरूको क्रमिक विकासको बारेमा विश्लेषण गर्दै तिनका प्रारूपहरूको चिनारी गराउने कार्य गरिएको छ। यसका साथै अभिलेखीय भाषा र व्याकरणमा प्रयोग भएका मिलित क्रियाका प्रारूप घटकहरूको विश्लेषण गरी अभिलेखमा तिनीहरूको पहिचान र प्रयोगलाई स्पष्ट पार्ने काम गरिएको छ। नेपाली अभिलेखको अध्ययनका क्रममा भेटिएका मिलित क्रियाका घटकीय सूचनाका विभिन्न प्रकारका नामपद तथा सहायक क्रियाका स्वरूपहरूलाई वर्गीकरण गरी तिनीहरूको ऐतिहासिक क्रमिक विकासलाई निर्यौल गर्ने काम समेत गरिएको छ। साथै मिलित क्रियामा हुने मिलित प्रक्रियाका प्रारूपका नयाँ सूचनालाई ऐतिहासिक तथ्यसहित अति सङ्क्षेपमा उदाँहरणहरू प्रस्तुत पनि गरिएको छ।*

**मुख्य शब्दावली** : खाली स्थान, भरक तत्व, संरचना, मिलित क्रिया, संयुक्त क्रिया, मिलित प्रक्रिया

**विषय प्रवेश**

प्राचीन कालदेखिका अभिलेखीय नेपाली भाषाभित्र स्वफूर्त रूप तथा व्याकरण रचनामा नियमित र व्यवस्थित हुँदै आएका नियमहरू क्रमिक रूपमा विकास भएर आएको देखिन्छ। कथ्यतापूर्ण लेख्य संरचनामा रहेको अभिलेखको भाषामा भाषाका वक्ताहरूले बोलिदिए, समाजले त्यसलाई आभ्यासिक प्रयासद्वारा कथ्य प्रयोगमा लगिदिएर नै "गाड कि बगडि लेक कि इजडि" जस्ता कहावतमा कथ्यको मर्म पोखिएको देखिन्छ तर पनि अनुसन्धानका लागि ऐतिहासिक भाषिक स्वरूपको कथ्यकै भए पनि लेख्य स्वरूप मात्र विगतका भाषाका स्वरूप, रचना र संरचनाका बारेमा अध्ययन गरेर खास निष्कर्षमा पुग्न सकिने हुँदा वि.सं. ११५१ को वामु खड्काको अभिलेख(खनाल, २०६८, पृ. १७) देखि पृथ्वीनारायण शाहको वि.सं. १८३१ (दिव्योपदेश) सम्मको अभिलेखीय सामग्रीभित्र केन्द्रित रहेर अभिलेखीय नेपाली भाषाको व्याकरण रचनाअन्तर्गत मिलित क्रियाको स्थितिलाई प्रारूप वैज्ञानिक भाषा विश्लेषण (Typological studies) पद्धतिका आधारमा प्राप्त सामग्रीहरूलाई विश्लेषण गर्ने कामका लागि यो अध्ययन सम्बन्धित छ। यसै सन्दर्भमा परम्परागत नेपाली व्याकरणमा संयुक्त क्रियालाई कालहरूको विशेष अर्थ बुझाउने झैं अरू विशेष अर्थ बुझाउने गरी "नु ने, तै, दै, ई, न" प्रत्ययान्त कृदन्त क्रिया जोडिएमा संयुक्त क्रिया हुन्छन् (सिग्देल, २०३५, पृ. १२०) भनिएको पाइन्छ भने यस्तै संरचनालाई "मिलित क्रिया" पनि भनेको देखिन्छ। त्यस्तै मिलित क्रिया र संयुक्त क्रियालाई एउटै कोटिको क्रियाको रूपमा राख्दै मिलित क्रियाको मुख्य क्रियाका ठाउँमा नामिक पद पनि हुन सक्नेतर्फ औँल्याएको पाइन्छ (शर्मा, २०४६, पृ. २३३)। यसरी हेर्दा परम्परागत रूपमा संयुक्त क्रिया र मिलित क्रियामा आधारभूत तहको भिन्नता संयुक्त क्रियाका सन्दर्भमा एकभन्दा बढी धातुहरू मिलेर एउटा मात्र(पहिलो चाहिँ धातुको काम देखिने गर्छन् भने त्यस्ता धेरै धातु मिलेर बनेको क्रियाका शृङ्खलालाई संयुक्त क्रिया भन्दछन् भनेर निष्कर्ष निकालिएको छ (पोखरेल, २०५६, पृ. ४७)। तसर्थ "मिलित क्रियाको संयुक्त प्रक्रिया" र "संयुक्त क्रियाको मिलित प्रक्रिया" आधारभूत रूपमा फरक देखिन्छ। यही सन्दर्भलाई निष्कर्ष निकाली प्राचीन तथा मध्यकालीन अभिलेखीय नेपाली भाषामा पाइने मिलित क्रियाको प्रक्रियाहरूलाई प्रारूप वैज्ञानिक भाषा विश्लेषण पद्धतिका आधारमा अध्ययन गरी मिलित क्रियाको क्रमिक विकासको ऐतिहासिक प्रयोग समेतलाई निरूपण गर्ने काम गरिएको छ।

**अनुसन्धान समस्या**

अभिलेखीय नेपाली भाषाका व्याकरणहरूका खाकामा आफ्ना आर्थी सन्दर्भहरू छन् र ती आर्थीहरूको सम्बन्ध, विभेदक घटकहरूका कारणले बनेका अभिलेखीय नेपाली भाषामा प्रयोग भएका व्याकरणहरूमध्ये क्रियाका त्यस्ता मिलित संरचनाहरू पनि देखिन्छ। जुन मिलित संरचनाले क्रियाहरूको बनोट भएको भए पनि संरचनामा प्रयोग भएका घटकहरू फरक प्रक्रियाका लागि फरक फरक शब्द वर्गको प्रयोग हुनुका कारणले प्रारूपमा पनि फरक देखिएका छन्। यसरी हेर्दा अभिलेखीय नेपाली भाषाको त्यस्तो फरक विषयलाई समस्याका रूपमा मानिएको छ। शब्द वर्गहरूमा रहेका विभिन्न अर्थको आधारमा हेर्दा संरचनाको भरकका खाली स्थानहरू (empitis) एकै देखिए पनि भरक तत्वहरू (fillers) फरक फरक रहेका छन्। तसर्थ अभिलेखीय नेपाली भाषामा देखिने यस प्रकारका विभेदकहरूलाई प्रारूप वैज्ञानिक विश्लेषणको आधारमा शब्द वर्गको फरक प्रयोगले हुने संयुक्त वा मिलित क्रिया के कस्ता प्रक्रियामा छन् र प्रक्रिया वा क्रिया के हो भनी निष्कर्ष दिन उपलब्ध अभिलेखीय नेपाली भाषाको ऐतिहासिक संरचनाको प्रारूप विश्लेषणसँग सम्बन्धित रहेर अभिलेखीय सामग्रीको विश्लेषण नभएकाले त्यस्तो विषयलाई बाँकी समस्याको रूपमा रहेको देखेर यस लेखको शीर्ष चयन गरिएको छ।

* सह-प्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस (त्रिवि), बागबजार, काठमाडौँ। इमेल : bidurch@hotmail.com

### अनुसन्धानको उद्देश्य

अभिलेखीय नेपाली भाषाका व्याकरणहरूका खाकामा आफ्ना आर्थी सन्दर्भहरूसँग सम्बन्धित संरचनामा भरक तत्वको पहिचान गर्ने उद्देश्य राखिएको छ। तसर्थ प्रस्तुत गरिने यस व्याकरणका संरचनाका खाली स्थान क्रमश : एकै प्रकारको क्रममा देखिए पनि प्रयोग हुने घटकहरू फरक शब्द वर्गको देखिने हुँदा यिनीहरूमा आर्थी समस्याहरू पनि छन्। तसर्थ क्रिया संरचना तहको संयुक्त रूपमा देखिने यस्ता समस्याहरूलाई केलाई ऐतिहासिक संरचनामा रहेका तथ्यहरूलाई निरूपण गर्ने उद्देश्य समेत राखिएको छ।

### शोधविधि

लेखलाई आवश्यक पर्ने सामग्रीहरू पुस्तकालयीय विधिबाट  गरिनुका साथै अग्रजहरूबाट प्रकाशित अभिलेखीय नेपाली भाषाको अभिलेखसँग सम्बद्ध कृति(पुस्तक, पत्र–पत्रिका आदि)हरूका प्राप्त सामग्रीहरूमा रहेका तत्कालीन कथ्यका अमानक लेख्य प्रणालीमा लिखित रूपमा प्रयोग भएका नेपाली वाक्यका संरचनाहरूलाई द्वितीयक सामग्रीहरूका रूपमा लिइएको छ। सकङ्लित सामग्रीहरूलाई विश्लेषण गर्न संरचनावादी भाषावैज्ञानिक ह्योलेको प्रारूप वैज्ञानिक भाषा विश्लेषण पद्धति (Wholey, 1997, p. 45) का साथै त्रुबेत्स्कोय, रोमन याकोब्सन तथा रूपान्तरणवादी नोम चम्स्कीले प्रयोग गरेको विभेदक अभिलक्षणका आधारमा गरिने घटकीय विश्लेषणसम्बन्धी मान्यतालाई बन्धुले समेत उल्लेख गरेको पाइन्छ (बन्धु, २०६६, पृ.४०– ५९)।

### प्रारूप वैज्ञानिक विश्लेषणसम्बन्धी मान्यता

जब उस्तै संरचनाका बिचमा भाषाका व्याकरणका कारोबारहरू फरक तत्वले भरिएका देखिन्छन् तब त्यस्ता व्याकरणमा भाषाभित्र आफ्ना साङ्केतिक सन्दर्भहरू रहेका हुन्छन् र तिनैलाई अर्थका रूपमा मानिन्छ। संसारको हरेक भाषाले व्याकरणका आफ्नै सार्वभौम संरचनागत एवम्शब्द वर्गगत अर्थहरूलाई आत्मसात् गरेको पाइन्छ। हरेक भाषामा आफ्नैप्रकारका शब्दवर्ग तथा रूपायक तत्वहरूको व्यवस्था त हुन्छ नै शब्द, पदावली, उपवाक्य, वाक्य एवम्तिनको निर्माणमा खास घटकहरूको आफ्नैक्रम पनि रहेका हुन्छन्। अझ विशिष्ट अवयवहरूका आफ्नैप्रकारका अर्थ सन्दर्भहरू पनि देखिने गर्दछन्। यसै सन्दर्भमा अभिलेखीय नेपाली भाषाको संयुक्त संरचना निर्माणको भाषिक स्वरूपमा प्रयोग हुने खाली स्थानसम्बन्धी अनिवार्य सर्त एवम्भरकसम्बन्धी वैकल्पिक तत्वको रूपमा रहेको शब्दवर्गको वितरणले संयुक्त संरचना निर्माण गर्दा विभिन्न आयामहरूको निर्माण गरिदिन्छन्। त्यस्तो आयाम संयुक्त रूपमा प्रयोग हुने मिलित तथा संयुक्त क्रियाको संरचनामा बेग्ला बेग्लै भरक तत्वको प्रयोग भएको देखिन्छ। यसरी फरक भरक तत्वले देखाउने आपूर्ति व्यवस्था भने एकै प्रकारको स्थानमा नै हुने गरेको पाइएको छ। यसरी फरक भरक तत्वले कुनै एकै प्रकारको खाली स्थानलाई पूर्ति गरिदिंदा त्यहाँ संरचनागत तहमा अर्थगत विभेदकताहरू पनि स्वतः पहिचान बोकेर आउँछन्। त्यस्ता पहिचान जब फरक भएर देखा पर्दछन् भने त्यसैलाई भिन्न प्रारूप (type) को रूपमा बुझिन्छ। तसर्थ अभिलेखमा प्रयोग भएका यस्ता प्रारूपहरू संयुक्त संरचनाको उस्तै खाली स्थानका अवस्थामा भरक तत्व फरक प्रयोग गरेर अर्थ विभेदक गरिरहेका हुन्छन् भन्ने कुरालाई ह्योलेको प्रारूप वैज्ञानिक विश्लेषण विधिबाट पहिचान हुनसक्ने हुँदा अभिलेखीय नेपाली भाषाको संरचनाहरूमध्ये संयुक्त वा मिलित क्रियाको प्रक्रिया संरचनालाई निम्नअनुसारको देखाउन सकिन्छ :

**तालिका– १** : ह्योलेको प्रारूप वैज्ञानिक भाषिक विश्लेषण विधि

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Combined verb (संयुक्त क्रिया) | → | Empty Place □ $V^1$ | → + | Empty Place □ $V^2$ | ⇉ | अभिलेखीय संयुक्त क्रिया निर्माणको प्रारूप– १ |
| combined action (संयुक्त प्रक्रिया | → | Empty Place □ NP | → + | Empty Place □ $Aux^{(v)}$ | ⇉ | अभिलेखीय मिलित क्रिया निर्माणको प्रारूप– २ |

यसलाई संरचनावादीहरूले अवधारणार्थकको वाच्यार्थ र सङ्घटनात्मक अर्थलाई पद्धतिका रूपमा विकास गरेको देखिन्छ भने चम्स्कीले व्याख्या गरेको विस्तारित अर्थको व्याख्यालाई सिद्धान्तका रूपमा मानिएको पाइन्छ। यसै आधारमा रहेर विभेदक अभिलक्षणहरू (+) र (–) चिह्नका आधारमा अभिलक्षणहरूको उपस्थिति र अनुपस्थितिलाई छुट्टयाई सङ्घटनात्मक अर्थको पहिचान विभेदकताको आधारमा गरिन्छ (यादव र रेग्मी, २०६४, पृ. २७२)। यसै आधारमा अभिलेखीय भाषाको संयुक्त संरचानाको क्रिया बन्ने प्रक्रियामा क्रमश : स्थापित भएको खाली स्थानका क्रममा "क्रिया$^1$ र क्रिया$^2$" एवम्"नामपद र सहायक क्रिया" का भरक तत्वको विभेदकताले देखाउने व्यतिरेकीले संयुक्त क्रिया र मिलित प्रक्रियाको अर्थ पहिचान गर्न सकिन्छ।

### अभिलेखमा प्रयुक्त प्रक्रियाका संयुक्त क्रियाको प्रारूप

अभिलेखीय नेपालीमा संयुक्त क्रिया प्रारूपको निर्माण गर्नका लागि खाली स्थानको रूपमा ह्योलेले प्रस्तुत गरेको "V1+V2" संरचना देखिए पनि मूल रूपमा सोही संरचनासँग अन्य संरचनाको सहायक भूमिका पनि देखिएको पाइन्छ । यस्तो प्रकारको भूमिका अभिलेखीय नेपालीमा "मेरु+इ(कृदन्त रूप)+रञ्जक" को प्रक्रियाबाट संयुक्त क्रिया बनेको देखिन्छ। वि.सं. १४४६ मा

जाजरकोटबाट जारी मलय वर्माको अभिलेखमा प्रयोग भएको वाक्य "कालुकवा अनंतमल्ल वसालिदियाको छ (अधिकारी, २०४३, पृ. १२)" मा "बसालिदियाको छ" संरचना प्रक्रिया संयुक्त क्रियाको रूपमा आएको देखिन्छ। यद्यपि यो संरचनालाई ह्योलेको संयुक्त क्रिया प्रारूपका आधारमा निम्नअनुसार पाउन सकिन्छ :

तालिका– २ : अभिलेखमा प्रयुक्त प्रक्रियाका संयुक्त क्रिया संरचना

| ह्योलेको संयुक्त क्रिया संरचना | अभिलेखीय संयुक्त क्रिया संरचना |
|---|---|
| $FV^{1}+V^{2}$'<br>बसालि + दियाको छे बसालिदियाको छ | "मेरु+इ(कृदन्त रूप)+रञ्जक"<br>[ बस्(आल्+इ)] + [ दे (याञए+को छ)]→ बसालिदियाको छ |

माथि उल्लिखित अभिलेखीय नेपाली भाषाको संरचना प्रारम्भिक रूपमा प्रयोग भएको संयुक्त क्रिया संरचना हो। यस संरचनामा ह्योलेको मान्यताका सन्दर्भमा अभिलेखीय नेपाली संरचनामा सुरुकै अवस्थामा केही नयाँ सूचनाहरू पनि संयुक्त क्रियामा प्रयोग भएको देखिन्छ भने बभ्फाङबाट वि.सं. १४९७ मा शक्ति ब्रह्मले प्रकाशित गरेको अभिलेखको संयुक्त क्रिया संरचनामा भने ह्योलेको "$V^{1}+V^{2}$" सम्बन्धी वाक्यमा प्रयोग हुने संयुक्त क्रिया "राजा धर्म घालि हाल (यात्री, २०३४, पृ. २४७)" नै उक्त वाक्यमा अर्को प्रारूप संरचनाकै आधारमा प्रयोग भएको देखिन्छ, जस्तै :

अभिलेखीय वाक्य → राजा धर्म **घालि हाल** (यात्री, २०३४, पृ. २४७)।

Rājā dharma- **ghāli**($V^{1}$) + **hāla** ($V^{2}$).

**मिलित प्रक्रिया र अभिलेखीय मिलित क्रिया प्रारूपको तुलना**

अभिलेखीय नेपालीमा मिलित क्रिया प्रारूपको निर्माण गर्नका लागि खाली स्थानको रूपमा ह्योलेले प्रस्तुत गरेको "NP+Aux(v)" संरचना देखिए पनि मूल रूपमा नेपाली व्याकरणमा यसलाई कतिपय अवस्थामा संयुक्त क्रिया कै अर्थमा परिभाषित गरिएको पाइन्छ। ह्योलेका अनुसार यस्तो संयुक्त प्रारूप क्रियाहरूको संयुक्त सम्बन्ध केवल "मिलित प्रक्रिया मात्रै" हो भनिएको छ। त्यसैले नेपालीको यस्तो "NP+Aux(v)" संयुक्त संरचनालाई "मिलित प्रक्रिया" का रूपमा बुझिनु पर्दछ। प्रक्रिया भन्दाले तयार पार्ने व्यवस्थित क्रिया(काम) भन्ने बुभिन्छ। यसै अर्थमा अभिलेखीय नेपाली भाषामा पनि यस्ता संरचनाहरू मिलित अर्थमा "नामपद र सहायक क्रिया" को प्रकार्य स्थानमा रहेर प्रशस्त प्रयोग भएका देखिन्छन्।

तालिका– ३ : अभिलेखमा प्रयुक्त क्रियाका मिलित प्रक्रिया संरचना

| अभिलेखीय मिलित क्रिया संरचना | ह्यालेको मिलित प्रक्रिया संरचना |
|---|---|
| "नामपद+सहायक क्रिया"<br>[dg] + [lnof]¦ dg लिया | $FNP+Aux^{(v)}$'<br>[ man] + [liya]¦ man liya |

माथि उल्लिखित अभिलेखीय नेपाली भाषाको संरचना ह्योलेको मान्यताका आधारमा अभिलेखीय नेपाली संरचनामा

सुरुदेखिकै अवस्थाबाट केही नयाँ सूचनाहरू मिलित प्रक्रियामा आएको देखिन्छ भने जुम्लाबाट वि.सं. १३३६ मा रिपु मल्लले जारी गरेको अभिलेखको मिलित प्रक्रिया संरचनामा भने ह्योलेको "$NP+Aux^{(v)}$" सम्बन्धी वाक्यमा प्रयोग हुने मिलित प्रक्रिया(क्रिया) "ओथिकि सौज्यालकि मौना कोटिका **मन लिया** (यात्री, २०३४, पृ. २४१)" नै उक्त वाक्यमा मिलित प्रक्रिया प्रारूप संरचनाको रूपमा प्रयोग भएको देखिन्छ, जस्तै :

अभिलेखीय वाक्य → मौना कोटिका **मन लिया** (यात्री, २०३४, पृ. २४१)।
maunā kōṭikā- mana(NP) +liyā(Aux(v)).

**अभिलेखमा प्रयुक्त मिलित प्रक्रियाको प्रारूप विश्लेषण**

अभिलेखीय नेपालीमा मिलित प्रक्रिया हुनका लागि नाम पदको दायाँतिर सहायक क्रियाका रूपमा प्रयुक्त धातुहरूको प्रयोग भएको देखिन्छ। अभिलेखमा त्यस्ता सहायक क्रियाका धातुहरू प्राचीन कालदेखि नै प्रयोगमा देखिन्छन्। त्यस्ता सहायक क्रिया धातुहरू क्रमश : "लि, "दि", "गर्", "पाउ", "राख्", "हुञ्भ", "हेर्", "रह", "लाग्", "जा", "हाल्", "पर्", "बस्", "बन्" र "लाउ" मा विभिन्न नामिक पदहरू जोडिएर मिलित प्रक्रिया, निम्नअनुसार पाइन्छन्। अभिलेखमा प्रयोग भएका उल्लिखित सहायक क्रिया धातुहरू र सो धातुसँग अग्रभागमा भूमिका खेलेका नामिक पदका प्रारूपहरूलाई विश्लेषण गरी स्पष्ट अर्थ पहिचान गर्न अभिलेखको मूल

संरचना स्वरूपका साथै त्यसलाई रोमनाइज्ड समेत गरिएको छ। साथै मानक नेपाली र अङ्ग्रेजीमा समेत अर्थ खुलाएर अभिलेखीय संरचनाको भाषालाई बुझ्नका लागि सरल बनाइएको छ :

**साक्ष्य–१** : नाम पद र "लि" सहायक क्रियाधातुको मिलित प्रक्रिया

| | | |
|---|---|---|
| **विवरण** | | **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"** |
| अभिलेखीय वाक्य | → | मौना कोटिका **मन लिया** (१३३६, रिपु मल्लत्र यात्री, २०३४, पृ. २४१) |
| विश्लेषित वाक्य | → | *Maunā kōṭikā- **mana**(NP) +**liyā**(Aux(v)).* |
| मानक नेपाली | → | मैनाकोटलाई मन पराए। |
| Eglish | → | Liked Manacot. |

**साक्ष्य–२** : नाम पद र "दि" सहायक क्रियाधातुको मिलित प्रक्रिया

| | | |
|---|---|---|
| **विवरण** | | **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"** |
| अभिलेखीय वाक्य | → | सागपात **मेजमनिक दिनु** (१४४६, मलय वर्मात्र अधिकारी, २०४३, पृ. १२) |
| विश्लेषित वाक्य | → | Sāgapāta - **mējamanika**(NP)+ **dinu**(Aux(v)). |
| मानक नेपाली | → | सागपातले मेजमान दिनु। |
| Eglish | → | Giving the host a vegetable |

**साक्ष्य–३** : नाम पद र "गर्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

| | | |
|---|---|---|
| **विवरण** | | **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"** |
| अभिलेखीय वाक्य | → | कुंवरीको कुंवर **पसा गर** (१४८५, इन्द्र +चन्द्र वर्मात्र अधिकारी, २०४३, पृ. १२) |
| विश्लेषित वाक्य | → | Kunvarīkō kunvara- **pasā** (NP) + **gar**(Aux(v)). |
| मानक नेपाली | → | राजकुमारीको कुमारलाई प्रसाद गर्‍यौं। |
| Eglish | → | We offered the Princess' Kumar |

**साक्ष्य–४** : नाम पद र "पाउ" सहायक क्रियाधातुको मिलित प्रक्रिया

| | | |
|---|---|---|
| **विवरण** | | **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"** |
| अभिलेखीय वाक्य | → | जो धर्मसासनकि प्रतिपाल सो **पुण्य पाउ** (१४८५, इन्द्र+चन्द्रवर्मात्र अधिकारी, २०४३, पृ. १०५) |
| विश्लेषित वाक्य | → | jō Dharmasāsanaki pratipāla sō- **puṇya**(NP) + **pā'u**(Aux(v)). |
| मानक नेपाली | → | जसले घर्माज्ञालाई प्रतिपालना गर्छ त्यसले पुण्य पाउँछ। |
| Eglish | → | He that keepeth his commandments shall find meekness. |

**साक्ष्य– ५** : नाम पद र "राख्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

| | | |
|---|---|---|
| **विवरण** | | **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"** |
| अभिलेखीय वाक्य | → | राजाले **धर्म राख्नु** (१४९७ : शक्ति ब्रहमत्र यात्री, २०३४, पृ. २४७) |
| विश्लेषित वाक्य | → | Rājālē - **dharma** (NP) + **rākhnu**(Aux(v)). |
| मानक नेपाली | → | राजाले धर्म राख्नु। |
| Eglish | → | The king should have religion |

**साक्ष्य– ६** : नाम पद र "हुञ्भ" सहायक क्रियाधातुको मिलित प्रक्रिया

| | | |
|---|---|---|
| **विवरण** | | **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"** |
| अभिलेखीय वाक्य | → | वैनीको **दोष भयो** (१४९७ : शक्ति ब्रहमत्र यात्री, २०३४, पृ. २४७) |
| विश्लेषित वाक्य | → | Vainīkō- **dōṣa** (NP) + **bhayō**(Aux(v)). |
| मानक नेपाली | → | बहिनीको दोष भयो। |
| Eglish | → | The sister was guilty |

**साक्ष्य– ७** : नाम पद र "हेर्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

| | | |
|---|---|---|
| अभिलेखीय वाक्य | → | चौकि लेषको **थलो हेर्नु** (१५९७, भान शाहीन्त्र अधिकारी, २०४३, पृ. ३४) |
| विश्लेषित वाक्य | → | Cauki lēṣakō- **halō**(NP) + **hērnu**(Aux$^{(v)}$). |
| मानक नेपाली | → | चौकी लेकलाई रेखदेख गर्नु। |
| Eglish | → | Look out for the outpost. |

**साक्ष्य– ८** : नाम पद र "रह" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

| | | |
|---|---|---|
| अभिलेखीय वाक्य | → | देवाका रैतिलाले **शत्ता रहनु** (१७२३, वीरभद्र शाहीन्त्र बज्राचार्य र श्रेष्ठ, २०३२, पृ. २२) |
| विश्लेषित वाक्य | → | Dēvākā raitilālē- **śattā** (NP) + **rahanu**(Aux$^{(v)}$). |
| मानक नेपाली | → | देवाका राजाका उत्तराधिकारीले शासन गर्नु। |
| Eglish | → | To rule by the successor of the king of Deva place. |

**साक्ष्य– ९** : नाम पद र "लाग्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

| | | |
|---|---|---|
| अभिलेखीय वाक्य | → | शवु व्राह्मन दछिना **इनाम लाग्यो** (१८०२–८, सूर्यभान शाहन्त्र योगी, २०१३, पृ. १४९) |
| विश्लेषित वाक्य | → | Śavu vrāhmana dachinā- **ināma**(NP) + **lāgyō**(Aux$^{(v)}$). |
| मानक नेपाली | → | सबै ब्राह्मणलाई दक्षिणा स्वरूप बक्सिस दिइयो। |
| Eglish | → | All Brahmins were rewarded with a reward |

**साक्ष्य– १०** : नाम पद र "जा" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण ूलएंब्गहड्खठू**

| | | |
|---|---|---|
| अभिलेखीय वाक्य | → | सात पुस्ता **नर्क जानु** (१८०६, पृथ्वीनारायणन्त्र आचार्य, २०२४, पृ. ३१२) |
| विश्लेषित वाक्य | → | Sāta pustā- **narka**(NP) + **jānu**(Aux$^{(v)}$). |
| मानक नेपाली | → | सात पुस्तासम्म नर्क पर्नु। |
| Eglish | → | To hell for seven generations |

**साक्ष्य– ११** : नाम पद र "हाल्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

| | | |
|---|---|---|
| अभिलेखीय वाक्य | → | ६ सेरको कुडया **वाहुलि हालनु छ**। (१८१६, सूर्यभान शाहन्त्र योगी, २०१३, पृ. १५६) |
| विश्लेषित वाक्य | → | 6 sērakō kuḍayā- **vāhuli**(NP) + **hālanu cha**(Aux$^{(v)}$). |
| मानक नेपाली | → | छ सेर बराबरको अन्न बाहुलीमा चढाउनु छ। |
| Eglish | → | Six grains of grain is to be poured into the hand. |

**साक्ष्य– १२** : नाम पद र "पर्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

| | | |
|---|---|---|
| अभिलेखीय वाक्य | → | कटक भया पछि त आउनु **असजिलो पर्छ** (१८२०, पृथ्वीनारायणन्त्र योगी, २०२२, पृ. ७०९) |
| विश्लेषित वाक्य | → | Kaṭaka bhayā pachi ta ā'unu- **asajilō**(NP) + **parcha(Aux(v)).** |
| मानक नेपाली | → | लडाईं भएपछि त आउन **असजिलो पर्छ** । |
| Eglish | → | It is difficult to come back after being bitten |

**साक्ष्य– १३** : नाम पद र "बस्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

अभिलेखीय वाक्य → रस्ती चालाई **वस्ती वसाऊनु** (१८२४, श्रीजुत देवानन्न योगी, २०२२, पृ. ७३०)

विश्लेषित वाक्य → Rastī cālā'ī- **vastī**(NP)+ **vāsā'ūnu(Aux(v)).**

मानक नेपाली → शासन चलाई बस्ती बसाउनु।

Eglish → Settlement of governance.

**साक्ष्य– १४** : नाम पद र "बन्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

अभिलेखीय वाक्य → किला **पकी बनाउनु** (१८३१, पृथ्वीनारायणन्र पोखरेल, २०४३, पृ. १५०)

विश्लेषित वाक्य → Killā- **pakī**(NP)+ **vanā'unu**(Aux$^{(v)}$).

मानक नेपाली → किल्ला पक्का बनाउनु।

Eglish → Make sure the fort.

**साक्ष्यता–१५** : नाम पद र "लग्" सहायक क्रियाधातुको मिलित प्रक्रिया

**विवरण** **अभिलेखीय मिलित प्रक्रियाको विश्लेषण "NP+Aux(v)"**

अभिलेखीय वाक्य → चारै वादसाहलाई **वह्राला लाउनैछ** (१८३१, पृथ्वीनारायणन्र पोखरेल, २०४३, पृ. १५०)

विश्लेषित वाक्य → Cārai vādasāhalā'ī- **vahrālā**(NP)+ **lā'unaicha**(Aux$^{(v)}$).

मानक नेपाली → चारैजना बादशाहहरूलाई ओरालो लगाउनु नै छ।

Eglish → All four kings have to go downstream.

**नेपाली भाषामा मिलित प्रक्रिया विकासको क्रमिकता**

अभिलेखीय नेपालीमा पहिलो मिलित प्रक्रियाका प्रारूपका रूपमा प्रयोग भएका नामिक पद तथा सहायक क्रिया धातुहरूको क्रमिक विकासको स्थितिलाई हेर्दा निम्नअनुसारको साल, अभिलेखको मिलित प्रक्रियाको रूपरेखा पाउन सकिन्छ :

**तालिका –४** : अभिलेखीय नेपाली भाषामा मिलित प्रक्रिया विकासको क्रमिकता

| क्र.सं | शताब्दी | जारी समय | अभिलेख प्रकाशक | नामिक पद | | सहायक क्रिया धातु | जारी स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | चौधौं | वि.सं. १३३६ | रिपु मल्ल | मन | → | लि– | डोटी |
| २. | पन्ध्रौं | वि.सं. १४४६ | मलय वर्मा | मेजमनिक | → | दि– | जाजरकोट |
| | | वि.सं. १४८५ | इन्द्र चन्द्र वर्मा | पुण्य | → | पाउ– | अछाम |
| | | वि.सं. १४८५ | इन्द्र चन्द्र वर्मा | पूजा | → | गर्– | अछाम |
| | | वि.सं. १४९७ | शक्ति ब्रहम | धर्म | → | राख्– | मुगु |
| | | वि.सं. १४९७ | शक्ति ब्रहम | दोष | → | हुञ्भ– | मुगु |
| ३. | सोह्रौं | वि.सं. १५९७ | भान शाही | थलो | → | हेर्– | जुम्ला |
| ४. | अठारौं | वि.सं. १७२३ | वीरभद्र शाही | सत्ता | → | रह– | नुवाकोट |
| ५. | उन्नाइसौं | वि.सं. १८०२–८ | सुर्यभान शाह | इनाम | → | लाग्– | जुम्ला |
| | | वि.सं. १८०६ | पृथ्वीनारायण शाह | नर्क | → | जा– | गोरखा |
| | | वि.सं. १८१६ | सुर्यभान शाह | बाहुली | → | हाल्– | जुम्ला |
| | | वि.सं. १८२० | पृथ्वीनारायण शाह | असजिलो | → | पर्– | नुवाकोट |
| | | वि.सं. १८२४ | श्रीजुत देवान | बस्ती | → | बस् – | लिम्बुवान |
| | | वि.सं. १८३१ | पृथ्वीनारायण शाह | पकि | → | बन्– | काठमाडौं |
| | | वि.सं. १८३१ | पृथ्वीनारायण शाह | वह्राला | → | लाउ– | काठमाडौं |

माथि उल्लिखित तालिका–४ मा पहिलो पटक चौधौं शताब्दीमा "मन" नामिक पद र "लि" सहायक क्रिया धातुको योग प्रक्रियाबाट

मिलित क्रियाको प्रयोग भएको देखिन्छ। पन्ध्रौं शताब्दीमा भने "मेजमनिक", "पुण्य", "पूजा", "धर्म" र "दोष" जस्ता नामिक पदमा "दि", "पाउ", "गर्", "राख्" र "हु~भ" जस्ता सहायक क्रिया धातुको पहिलो पटक भएको योगको प्रक्रियाबाट मिलित क्रिया बनेको देखिन्छ। त्यस्तै सोह्रौं शताब्दीमा "थलो" नामिक पद र "हेर्" सहायक क्रिया धातुको पहिलो पटक भएको योग प्रक्रियाबाट मिलित क्रिया बनेको पाइन्छ। तर सत्रौं शताब्दीमा भने त्यस्ता संरचनाहरू अभिलेखीय नेपालीमा पहिलो पटक प्रयोग भएका अन्य कुनै मिलित संरचनामा देखिदैंनन्। अठारौं शताब्दीमा "सत्ता" नामिक पद र "रह" सहायक क्रिया पदको योगको प्रक्रियाको आधारमा मिलित संरचना बनेको पहिलो बनेको भेटिन्छ भने उन्नाइसौं शताब्दीमा "इनाम", "नर्क", "बाहुली", "असजिलो", "बस्ती", "पकी(पक्की)" र "बह्राला(ओरालो)" नामिक पदमा "लाग्", "जा", "हाल्", "पर्", "बस्", "बन्" र "जाउ" जस्ता सहायक क्रियाको योग प्रक्रियाबाट पहिलो पटक मिलित संरचनाको प्रयोग भएको पाइन्छ। उल्लेखित संरचनाहरू मा प्रयोग भएको व्यतिरेकी विभेदहरूले नै यस्ता संरचनाको आफ्नो विशिष्ट पहिचान गराएको देखिन्छ भने नेपाली मिलित क्रिया बन्ने प्रक्रिया नामिक पद र सहायक क्रियाको फरक फरक योगबाट क्रमिक रूपमा चौधौं शताब्दीदेखि नेपाली व्याकरणमा भनिने मिलित क्रिया अभिलेखीय नेपालीमा मिलित प्रक्रियाको रूपमा विकास भएर आएको समेत स्पष्ट हुन्छ।

**निष्कर्ष :**

अभिलेखीय नेपाली भाषाका सामग्रीहरूमा माथिउल्लिखित साक्ष्य १ देखि १५ सम्मका सहायक क्रियाका धातुहरूले विभिन्न नामिक पदहरू सँगको क्रियात्मक प्रक्रियाका आधारमा अभिलेखमा मिलित क्रिया प्रारूपको संरचना बनाएको छ। यो प्रारूप संयुक्त क्रियाको संरचनाभन्दा नितान्त फरक देखिएको छ। संयुक्त र मिलित संरचनाको क्रमस भरक स्थान "१→२" को क्रममा एकै प्रकारको देखिए पनि भरक तत्व संयुक्त क्रियाका लागि "क्रिया¹+क्रिया²" र मिलित प्रक्रियाका लागि "नामपद+सहायक क्रिया" को संरचनागत प्रयोग भएको देखिन्छ। तसर्थ नेपाली व्याकरणले भने जस्तो "क्रिया¹+क्रिया²" को संरचना क्रियाहरूको संयुक्त प्रकार्यात्मक प्रक्रियामा पारिभाषिक क्रिया रूपको प्रयोग हो भने "नामपद+सहायक क्रिया" को संरचना मिलित क्रियाको नामले पहिचान गरिने संरचना केवल मिलित संरचनाको प्रक्रिया मात्रै हो। यसर्थ अभिलेखीय नेपाली भाषामा देखिने संयुक्त क्रिया र मिलित क्रियाको आधारभूत फरक भनेको नै संयुक्त क्रियामा एक अर्काको प्रक्रियासँगको कार्य मात्र नभई क्रियापदले क्रियापदसँग गर्ने सहकार्यको भूमिका हो भने मिलित क्रियामा चाहिँ नामपद र क्रियापदसँगको सहसम्बन्धको एक अर्कासँगको भूमिका मात्र हो। त्यसैले अभिलेखीय नेपालीमा देखिने यस्ता संरचनालाई मिलित क्रियाको रूपमा नभई मिलित प्रक्रियाको रूपमा हेर्नु सान्दर्भिक ठहर्दछ भने प्रारूपका दृष्टिले यी दुवै क्रियाहरू फरक घटकीय विभेदक अभिलक्षणको प्रयोग हुने कारणले प्रारूपमा पनि फरक रहेका छन्।

**सन्दर्भसूची**


अधिकारी, सूर्यमणि (२०४३), *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिविवि।

आचार्य, बाबुराम (२०२४), *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग- १.* काठमाडौँ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाको हजार वर्ष,* काठमाडौँ : राइनो पब्लिकेसन प्रा.लि।

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* काठमाडौँ : एकता बुक्स प्रकाशन।

बन्धु, चूडामणि (२०६६), *भाषाविज्ञानका सम्प्रदाय,* काठमाडौँ : एकता बुक्स।

वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर (२०३२), *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान संस्थान, त्रिविवि।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, *भीमनारायण (२०६४), भाषाविज्ञान,* काठमाडौँ : न्यू हिराबुक्स डिष्टिव्युटर्स।

"यात्री", पूर्णप्रकाश नेपाल (२०३४), *सेतीका तारा,* विराटनगर : हिमाली सौगात प्रकाशन।

योगी, नरहरिनाथ (२०१३), *इतिहास प्रकाश, अङ्क- २, भाग- १,* मृगस्थली : इतिहास प्रकाशक संघ, पृष्ठ. १५६।

योगी, नरहरिनाथ (२०२२), *इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह,* काठमाडौँ : गोरक्ष प्रकाशनमाला, पृष्ठ. ७०९।

सिग्देल, सोमनाथ (२०३५), *मध्यचन्द्रिका,* पुल्चोक : साझा प्रकाशन।

शर्मा, मोहनराज (२०४६), *शब्दरचना र वर्णविन्यास,* काठमाडौँ : पाठ्य सामग्री पसल।

Wholey, Lindsay J (1997) . *Introduction to Typology,* New Delhi: Sage Publications.

# Tribhuvan University Teachers' Association (TUTA)
## Central Committee
### Kirtipur, Kathmandu, Nepal

**Executive Committee (2075-2078 B.S)**

**President**
Prof. Basanta Dhakal, PhD

**Vice President**
Kapil Deo Yadav

**General Secretary**
Keshav Raj Sharma

**Secretary**
Ajaya Kumar Poudel

**Treasurer**
Uttara Khanal

**Members**
Kamal Raj Paudel
Krishna Raj Dhakal
Ganga Ram D C
Padma Prasad Khatiwada, PhD
Prakash Shrestha
Badri Tamang
Mina Gurung
Mousami Guragain
Remant Morbaita
Sunder Gautam

# Journal of Tribhuvan University Teachers' Association

(Multi-disciplinary peer reviewed)

ISSN : 2773-787X

Vol. 1, December 2020

Tribhuvan University Teachers' Association (TUTA)
Central Committee
Kirtipur, Kathmandu, Nepal
Phone: 01-4336962